कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाडौं

PCR मेसिन खरिद खरिदको सिलबन्दी बोलपत्र आव्हानको सूचना

## ठेक्का सूचना नं KRM 01/077/078

**प्रथम पटक प्रकाशित मिति :२०७७/०४/०५)**

यस नगरपालिकाद्वारा संचालन गरिने PCR LAb को लागि आवश्यक पर्ने Real Time PCR Machine एक थान सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ अनुसारको सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनी वा संस्थाहरुले निम्न बमोजिमका उल्लेखित शर्तहरुको अधिनमा रही हाल कोरोना भाइरसको कारण विशेष परिस्थिति सृजना भएकोले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सिलबन्दी बोलपत्र पेश गर्नहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी बोलपत्र साथ जमानत वापत कबोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम यस नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, टेकुको धरौटी खाता नं. १७००३०३००३००५ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ९० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट बैंक जमानत संलग्न भएको हुनु पर्नेछ ।
२. बोलपत्र दाताले कबोल गरेको दर रेट अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । र फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ ।
३. प्रत्येक सिलबन्दी बोलपत्र दाताले बोलपत्र फारममा उल्लेखित शर्तको पूर्णरुपले पालना गर्नुपर्नेछ ।
४. बोलपत्र दाताले बोलपत्र खरिद गर्दा सम्वन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फारम मात्र खरिद गर्नु पर्नेछ । साथै रीत नपुगेको र म्याद नाघी आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको सिलबन्दी बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।
५. खरीद गरिने सामानको बोलपत्र फारम साथ रहेको स्पेशिफिकेशनमा उल्लेखित मापदण्ड अनुसारका हुनु पर्ने छ । यदि स्पेशिफिकेशनमा उल्लेख गरे अनुसार नभएमा उक्त सामान स्वीकार गरिने छैन ।
६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन र समयमा बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिनेछ ।
७. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन २०७६ सहित) तथा प्रचलित नेपाल कानुन अनुसार हुने छ ।
८. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९. अन्य थप केही कुराहरु बुझ्न परेमा यस नगर कार्यपालिकाको कार्यालय, कार्यालय समय भित्र कार्यालयको फोन नं. ०१-३३१६९३, ०१-४३३१८०५ वा ईमेल ठेगाना ict.munkirtipur@gmail.com वा वेवसाईट www.kirtipurmun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।